जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २३२ २०८२ साल बैशाख ४ गते बिहीबार (17 Apr. 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वर्ष २०८१ः मानवअधिकारको ... ३ पृष्ठमा : 'विद्यालय शिक्षा विधेयकका ... ३ पृष्ठमा : अमेरिका-युक्रेन खनिज ...

# पूजा रामको हत्या भएको भन्दै परिवारजनले दिए प्रहरीमा जाहेरी



**दैनिक समाचारदाता राजविराज, ३ वैशाख ।**

सप्तरीको सुरुङ्गा नगरपालिका ७ तीनगछियास्थित पोखरी किनारमा मृत भेटिएकी १८ वर्षिया पूजा कुमारी रामको हत्या भएको भन्दै परिवारजनले इलाका प्रहरी कार्यालयमा जाहेरी दिएकी छिन् ।

मृतककी आमा रामवती देवी रामले बुधवार इलाका प्रहरी कार्यालय कडेरबोनामा ज्यान सम्बन्धि कसुरमा जाहेरी दिएकी हुन् ।

सोही वडा निवासी नागेन्द्रं रामकी १८ वर्षिया छोरी पूजा मंगलवार विहान ७ बजेतीर घरबाट ५ सय मिटरको दुरीमा अवस्थित कुसुम लाल साहको पोखरी किनारमा मृत अवस्थामा फेला परेकी थिइन । घाँसपातले छोपिएको अवस्थामा उनको शव फेला परेकोले हत्याको आशंका प्रहरीले समेत गरेका छन ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले घाँसपातले छोपेर राखिएको अवस्थामा पूजाको शव भेटिएकाले हत्याको आशंका गरीए पनि पोस्टमार्टम रिर्पोट आएपछि मात्र मृत्युको यकिन कारण भन्न मिल्ने जनाएका छन । पुजाको शव पोस्टमार्टका लागी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पुऱ्याई घटनाबारे सुक्ष्म अनुसन्धान भईरहेको उनको भनाई छ ।

पुजाले लगाउने एउटा चप्पल घरको गेट नजिकै तथा अर्को चप्पल सय मिटरको दुरीमा फेला परेको छ । जसकारण कसैले घरबाट अपहरण गरी एकान्त स्थलमा पुऱ्याई हत्या पश्चात घाँसपातले छोपेर राखेको परिवारजनको दाबी छ ।

घटना विवरण अनुसार मृतककी आमा रामवती नयाँ वर्ष सोमबारका दिन साँझ टोल मै भइरहेको अष्ट्याममा पुजापाठका लागी सहभागी हुन गएकी थिइन । घरमा छोरी पूजा र १२ वर्षिय छोरा विश्वजीत मात्रै थिए । अष्ट्याम सकेपछि अबेर राती घर फर्किदा विश्वजीत कोठामै सुतिरहेको देखिएपनि पुजा भने

*बाँकी दुई पृष्ठमा*

# पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घट्यो

**दैनिक समाचारदाता काठमाडौँ, ३ वैशाख ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । मंगलबार मध्यरातदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको साविकको बिक्री मूल्यमा प्रतिलिटर तीन रुपैयाँ घटाएको हो ।

मूल्य घटेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५७ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ५९ रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ६० रुपैयाँ तोकिएको छ । यस्तै, डिजेल तथा मट्टितेलको मूल्य पहिलो वर्गका लागि एक सय ४३ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ४५ रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ४६ रुपैयाँ निर्धारण गरिएको निगमले जनाएको छ ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगञ्ज, धनगढी र

*बाँकी दुई पृष्ठमा*

# शोभायात्रा माथि आक्रमण गर्ने अपराधीलाई कडा कारवाहीको माग



**दैनिक समाचारदाता राजविराज, ३ वैशाख ।**

बिरगंजस्थित हनुमान जन्मोत्सव शोभायात्रा माथि आक्रमण गर्ने अपराधीलाई कडा कारवाहीको माग गर्दै सनातन धर्मको संरक्षण तथा प्रवर्द्धनमा संलग्न सामाजिक संस्थाहरुले प्रधानमन्त्री, गृहमन्त्री तथा मधेश प्रदेशका मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

विश्व हिन्दू परिषद नेपाल, श्री हनुमान आराधना मण्डल नेपाल, सनातन संस्कृती नेपाल, हिन्दू सम्राट सेना, श्री राम हनुमान आराधना नेपाल, पंतञ्जलि योग समिति नेपाल र श्री कृष्ण भक्त मंण्डल सप्तरीले बुधबार संयुक्त रुपमा प्रमुख जिल्ला अधिकारी मार्फत सो ज्ञापन बुझाएको हो ।

बुझाइएको ज्ञापनमा "गत

*बाँकी दुई पृष्ठमा*

# दलित सरोकार मञ्चद्वारा दुबै घटनाको सुक्ष्म छानबिन गर्न माग

**दैनिक समाचारदाता राजविराज, ३ वैशाख ।**

दलित सरोकार मञ्च नेपालले मृत भेटिएकी सप्तरीकी पुजा कुमारी राम र सिरहाकी आनन्दीदेवी सदायको आत्महत्या घटनाको सूक्ष्म छानवीन गर्न र दोषी पत्ता लगाई कडा कारवाही गर्न माँग गरेको छ ।

मञ्चका निर्देशक भोला पासवानले बुधवार एक प्रेस विज्ञप्ती जारि गर्दै दुबै घटनाको सुक्ष्म अनुसन्धान गर्न माग गरेका हुन् ।

जारि विज्ञप्तिमा सप्तरीको सुरुङ्गा नगरपालिका ७ की १८ वर्षीया दलित युवती पुजाकुमारी रामको अपहरणपछि भएको रहस्यमय हत्या र सिरहाको नरहा गाउँपालिकाकी २५ वर्षीया आनन्दीदेवी सदायको आत्महत्यासम्मको दुखद घटनाले दलित महिलाहरूको सुरक्षा माथि पुनःगम्भीर प्रश्न खडा भएको उल्लेख छ ।

दुबै घटनाले राज्य संयन्त्रको उदासीनता, प्रहरीको ढिलासुस्ती र दोषी उन्मुक्तिको प्रवृत्ति झल्काउँछ, जसले दलित समुदायमा गहिरो असुरक्षा र अन्यायको अनुभूति गराएको विज्ञप्तिमा जनाइएको छ ।

"नयाँ वर्षकै दिन घरबाट अपहरणमा परेकी पुजाको शव भोलिपल्ट पोखरीको छेउमा फेला पर्नु एक योजनाबद्ध अपराध हो, जसको तत्काल, निष्पक्ष र छिटो अनुसन्धान हुनु जरुरी छ । उता, आनन्दीदेवी सदायले आफूमाथि भएको बलात्कार प्रयासको किटानी जाहेरी दिँदासमेत प्रहरी प्रशासनले आलटाल गर्नु, पीडक पक्षबाट मिलापत्रको दवाव झेल्नु र अन्ततः मानसिक तनावमा आत्महत्या गर्नु, राज्य संयन्त्र र कानुनी प्रक्रियाको गम्भीर असफलता हो ।" विज्ञप्तिमा भनिएको छ ।

**सांस्कृतिक सम्पदा सबके संरक्षण करु, पर्यटनके प्रवर्द्धन करु**

मधेश प्रदेशमे बहुत प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरबार, धार्मिक-सांस्कृतिक समपदा छै। ई सब हमरा सबके गौरव मात्रे नई आर्थिक समृद्धि के श्रोत सेहो छै।

धार्मिक एंवम पर्यटकीय स्थल सबके गन्दा नई करु। ऐतिहासिक सम्पदा के रक्षा करु। स्थानीय कला, हस्तकला और परम्परागत उत्पादन के प्रचार-प्रसार करु।

पर्यटक सब संगे नीक व्यवहार करु। कारण जे पर्यटक हमरा सबके अतिथि और मेजमान चियै। ओनंग अपन सब के अतिथि देवो भवः के परम्परागत संस्कार चियै। स्वागत-सत्कार और निक व्यवहार करु।

मधेश प्रदेश सरकार

आमसञ्चार प्राधिकरण

## सम्पादकीय ....

### सामाजिक सद्भावका साथै आपसी मेलमिलाप आवश्यक

सामाजिक सद्भाव भन्नाले विभिन्न जाति, धर्म, भाषा, संस्कृति तथा समुदायबीच आपसी समभ्रुदारी, सहयोग र सहअस्तित्वलाई जनाइन्छ। नेपाल जस्तो बहुजातीय, बहुभाषिक र बहुधार्मिक देशमा सामाजिक सद्भावको महत्व अभ्रु गहिरो हुन्छ। देशको स्थायित्व, शान्ति र विकासका लागि सद्भाव आवश्यक पूर्वशर्त हो। आजका दिनमा संसारभर नै जातीय, धार्मिक तथा क्षेत्रीय विवादहरूले मानव समाजमा असन्तुलन सिर्जना गरिरहेको छ।

यस्ता समस्याबाट जोगिन हामीले एक अर्काको मान्यता, विचार र संस्कृतिको सम्मान गर्न सिक्नुपर्छ। सामाजिक सद्भाव कायम राख्न सबै नागरिक जिम्मेवार हुन आवश्यक छ। सरकारले पनि समान अवसर, शिक्षा र सेवामा पहुँच सुनिश्चित गरी विभेदको अन्त्य गर्नुपर्छ। सद्भावपूर्ण समाजमा मानिसहरूबीच विश्वास, सहकार्य र भाइचाराको भावना प्रगाढ हुन्छ। यसले नकारात्मक सोच, द्वेष र हिंसालाई कम गर्न सहयोग पुऱ्याउँछ। विशेष गरी युवा पुस्ताले सहिष्णुता र समानताको भावना अंगिकार गरेर समावेशी समाज निर्माणमा अग्रसर हुनुपर्छ।

सामाजिक सद्भावको जगेर्ना हामी सबैको साझा दायित्व हो। तसर्थ एक अर्का प्रतिको आदर र समभ्रुदारीले मात्रै हामी समुन्नत, शान्त र समृद्ध नेपाल निर्माण गर्न सक्छौं। त्यसैले हामी सामाजिक प्राणी एक अर्काप्रति आदर, भाइचारा, सद्भाव राख्दै सामाजमा बस्ने वातावरण निर्माण गर्नु आवश्यक छ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# वर्ष २०८१: मानवअधिकारको अवस्थामा सुधारको खाँचो

**कालिका खड्का**

काठमाडौँ, ३ वैशाख (रासस)।

विस्तृत शान्ति सम्झौताको जगमा बनेको सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन, २०८१ साल शंसोधनसहित पारित भएसँगै द्वन्द्वकालका पीडितले न्याय पाउने आशा राखेका थिए, तर ऐनअनुसार आयोगका पदाधिकारी नियुक्त हुन नसक्दा २०८१ सालमा पनि पीडितहरू मर्माहत भएका छन्।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिनसम्बन्धी आयोगमा पदाधिकारी नियुक्तिका लागि प्रमुख दलहरूबीच मतैक्य नरहे पनि यसतर्फ ठोस काम हुन सकेन, तथापि सरकारले आयोगका पदाधिकारी छनोट गर्न फेरि सर्च कमिटी गठन गरेको छ।

राजतन्त्र फेरि बहाली गर्नुपर्छ भन्दै २०८१ चैत १५ गते पूर्वराजाका समर्थकले तीनकुने क्षेत्रमा गरेको हिंसात्मक प्रदर्शनका कारण एभिन्युज टेलिभिजनमा कार्यरत क्यामरा पर्सन सुरेश रजकको मृत्यु भयो। प्रदर्शनमा भएको तोडफोड र ज्यादतिका विषयमा भिडियो खिचिरहेका पत्रकार रजकको आगजनीमा परेर ज्यान गुम्यो। सोही दिन प्रहरीको गोली लागेर कीर्तिपुर नगरपालिका-४ घर भएका २९ वर्षीय सविन महर्जनको मृत्यु भयो। उक्त हिंसात्मक प्रदर्शनमा धेरै मानिस घाइते भए। भौतिक संरचनामा तोडफोड र आगजनी गरी ठूलो धनको क्षति भयो। वर्षको अन्यतिर यो घटना निकै पीडादायी बन्यो।

ताप्लेजुङको प्रसिद्ध धार्मिकस्थल पाथीभरामा केबलकार बनाउने क्रममा भएको विवादले उग्ररुप लिँदा सुरक्षाकर्मी र पहिचानवादी आन्दोलनकारी दुवै घाइते भए। पाथीभरा (मुकुम्लुङ) क्षेत्रमा केबलकार निर्माण गर्दा किरात समुदायको मुन्धुमी संस्कृति मेटिने आन्दोलनरत पक्षको भनाइ छ। मुन्धुमी संस्कृतिलाई जोगाउन सो क्षेत्रलाई प्राकृतिक अवस्थामै छाड्नुपर्ने उनीहरूको माग छ। स्थानीय तथा राजनीतिक दलहरूको आदिवासी जनजाति पर्यावरणीय पाटो ध्यान दिन दिएर केबलकार बनाउनु राम्रो हुने सुझाव दिइरहेका थिए।

केबलकार आयोजना निर्माणकर्ता र स्थानीयबीच पर्याप्त छलफल र आवश्यक परामर्श हुन नसक्दा तनावको अवस्था छ। केबलकार निर्माण गर्न हुन्छ वा हुँदैन भन्ने पक्षबीच झडप हुँदा धेरै घाइते भइसकेका छन्। विवाद निरुपणका लागि सरकार र आन्दोलनकारी पक्षबीच वार्ता भए पनि निष्कर्ष निस्किसकेको छैन।

सहकारी, लघुवित्त, बैंक तथा मिटरब्याजपीडितहरूले काठमाडौँमा प्रदर्शन गरिरहेका छन्। सरकारले पीडितहरूसँग समय-समयमा वार्ताबाट समस्या समाधान गर्न सम्झौता पनि गरेको छ। तर कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अझै पनि मिटरब्याजपीडित, सहकारीपीडितहरू सडकमै आएर आन्दोलन गर्न बाध्य भएका छन्।

विद्यालयमा बालबालिकालाई पढाएर उनीहरूलाई उज्यालो भविष्य देखाउनुपर्ने शिक्षकहरू विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै चैतको अन्त्यदेखि विद्यालय बन्द गरेर सडकमा छन्। आफ्ना मागमा सरकारले सहमति गर्ने तर कार्यान्वयनमा ध्यान नदिने गुनासो उनीहरूको छ।

संवत् २०८१ भर माइतीघरमण्डलामा कुनै न कुनै विषयमा विभिन्न समूहले आफ्ना माग पूरा गर्न भन्दै प्रदर्शन गरिरहेकै छन्। देशका विभिन्न भागमा भइरहने हत्या, हिंसा, सामाजिक बहिस्करण र विभेदसमेतका अनेक घटनाको निष्पक्ष छानबिन र पीडकलाई कडाभन्दा कडा सजायको माग गर्दै यस्ता प्रदर्शन भइरहेका देखिन्छन्।

"२०८१ साललाई नियाल्दा मानवअधिकारको अवस्था उत्साहजनक हुन सकेन", मानवअधिकारकर्मी चरण प्रसाईंले भन्नुभयो, "अहिले पनि सडकमा शिक्षकहरू आन्दोलनमा छन्, विद्यालय शिक्षासम्बन्धी ऐन सरकारले बनाएर दिनुपर्ने हो, शिक्षकहरू सडकमा कानुन बनाउनुपर्‍यो भनेर माग गर्दै आन्दोलन गर्नुपर्ने आउनुपर्ने अवस्था होइन।"

सरकारले पीडितहरूसँग सहमति गर्ने तर कार्यान्वयन नगर्ने अवस्थाका कारण अहिले पनि सहकारी पीडित, शिक्षक, मिटरब्याजपीडित सडकमै आउनुपरेको उहाँको भनाइ छ। सरकार र पीडितबीच सहमति भएपछि त्यसलाई अक्षरसः कार्यान्वयनमा लैजानुपर्नेमा मानवअधिकारकर्मी प्रसाईंको जोड छ।

"विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष बितिसकेको छ तर अहिलेसम्म पनि पीडितले न्याय पाउने अवस्था बनेको छैन", प्रसाईंले भन्नुभयो, "एउटा सन्तोषको कुरा लामो समयपछि भए पनि ऐन संशोधन भयो, पदाधिकारी सिफारिसका लागि समिति बनेको छ, प्रक्रिया अघि बढेको भए पनि न्याय दिन धेरै ढिलाइ भइसकेको छ।"

नेपालले मानवअधिकारको प्रवर्द्धन, संरक्षण र न्याय दिने गरी विभिन्न अन्तरराष्ट्रिय सन्धि/सम्झौतामा हस्ताक्षर गर्नुका साथै संविधानमा मौलिक हकको व्यवस्था गरेको छ। ती सन्धि सम्झौता र संविधान कार्यान्वयनको अवस्था अध्ययन गरी आवश्यक प्रबन्ध गर्नु राज्यको दायित्व हो।

मानवअधिकारकर्मी मन्दिरा शर्माले भन्नुभयो, "नेपालले संयुक्त राष्ट्रसङ्घको सिड कमिटीमा प्रतिवेदन बुझायो, त्यहाँ धेरै नागरिक समाजले छलफल गर्न पायो, त्यो राम्रो कुरा हो।" वर्षको पछिल्लो समयमा राजनीतिक कारणले धेरै धनजनको क्षति हुनेगरी घटना भएकाले मानवअधिकारको अवस्था कष्टकर रहेको उहाँको भनाइ छ।

"राजावादीको आन्दोलनका नाममा हिंसात्मक गतिविधिले तीनकुनेमा ज्यान जाने घटना भयो", उहाँले थप्नुभयो, "कार्यस्थलमा काम गर्दै गरेको पत्रकार जिउँदै जलाउनु जघन्य अपराध हो, त्यो अन्त्यन्तै चिन्ताजनक कुरा भयो।"

नेपालमा बाल सुधारगृहहरूमा भौतिक संरचनाको कमीका कारण पनि बाल सुधारगृहमा झडप नै हुने स्थिति आएको र झडपकै क्रममा बालबालिकाको मृत्यु हुनु मानवको बाँच्न पाउने अधिकारकै उल्लङ्घन भएको उहाँको भनाइ छ। "बाल सुधारगृहको भौतिक संरचनाका कमी भएको देखिएको छ, जसका कारण बालबालिकाबीच झडप भएर ज्यानसमेत जाने अवस्था भयो", उहाँले थप्नुभयो, "यसतर्फ सरकार गम्भीर हुनुपर्छ। यस्ता घटना पुनरावृत्ति हुन नदिन सरकारले काम गर्नुपर्छ।"

नेपालको संविधानमा व्यवस्था गरेका मौलिक हकहरू अझै कार्यान्वयन प्रभावकारी रूपमा आउन नसक्दा नागरिकले संविधानप्रदत्त हकको प्रयोग गर्न नपाएको मानवअधिकारकर्मी शर्माको भनाइ छ। "मानवअधिकारका लागि यस वर्ष पहल, प्रयास भएका छन् तर उल्लेखनीय हुन सकेन।"

कतिपय मामिलामा सरकारले समयमै पर्याप्त ध्यान नदिँदा मानवअधिकारको अवस्थामा सुधार आउन नसकेको राष्ट्रिय मानवअधिकार आयोगका सदस्य लिली थापाको भनाइ छ।

"आयोगले अनुगमन गर्छ, उजुरी आउँछन्। पीडितको न्यायका लागि आयोगले गरेका सिफारिस २०८१ सालमा एउटा पनि कार्यान्वयनमा गएनन्", उहाँले भन्नुभयो।

"कतिपय समुदायका मानिसले जातका आधारमा विभेद भोगिरहेका छन्, सांस्कृतिक हिंसा अझै छ, जाजरकोटको भूकम्प, बाढीपहिरो, आगजनी पीडितले क्षतिपूर्ति पाउन सकेका छैनन्", आयोगका सदस्य थापाले थप्नुभयो।

अहिले पनि हत्या, हिंसा, बलात्कारजस्ता विभिन्न खालका हिंसामा महिला परिरहेका छन् तर त्यसमा राज्यले ध्यान नदिनु दुःखद् विषय भएको उहाँलाई लाग्छ। "यौनजन्य हिंसामा परेका महिलालाई क्षतिपूर्तिका लागि सिफारिस गरेको विषयमा पनि राज्यको ध्यान नजानु दुःखद हो", आयोगका सदस्य थापाले भन्नुभयो।

## पूजा रामको ...

वेपत्ता थिइन। रामवती तत्कालै छरछिमेकमा खोजतलास गरेकी थिइन। तर पुजा कतै फेला परिनन।

विहान पख वेपत्ता छोरीको खोजतलास गरि दिन आग्रहका लागी प्रंहरीमा जाने तयारीमा रहेकै बेला घाँसपातले छोपिएको अवस्थामा पूजाको मृत शरिर फेला परेको खबर सुनेपछी उनी बेहोश भइन। स्थानीय कसै कसैले पिसाब फेर्न निस्कदा रातीको समयमा एक्लै रहेको मौका छोपी गलत मनसायले अपहरण गरी पोखरीको डिलमा पुऱ्याई अपराधीले हत्या गरेको आशंका समेत ब्यक्त गरेका छन।

अनुसन्धानको क्रममा प्रहरीले मधेश प्रदेशको केनाई शाखा लालगढबाट डगस्क्वाड (तालिम प्राप्त कुकुर) ल्याएर त्यसको प्रयोग समेत गरेको छ। त्यसबाट पनि केही संकेत फेला परेको हुन सक्ने अनुमान गरीए पनि अनुसन्धान जारी रहेकाले पोस्टमार्टम रिर्पोट र अनुसन्धान सकिएपछि सबै सत्य तथ्य सार्वजनिक गरिने प्रहरीको भनाइ छ। मजदुरी पेशमा संलग्न मृतकका वुआ नागेन्द्र अहिले रोजगारीका सिलसिलमा विदेशमा छन।

## पेट्रोल, डिजेल ...

वीरगञ्जलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो र काठमाडौँ, पोखरा र दीपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ।

इन्डियन आयल कर्पोरेशनबाट मंगलबार प्राप्त पेट्रोलिमय पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा तीन रुपैयाँ १५ पैसा र डिजेलमा दुई रुपैयाँ ६२ पैसाले घटेर आएकाले स्थानीय बजारमा पनि मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ।

## शोभायात्रा माथि ...

चैत ३० गते वीरगंजको छपकैयास्थित मस्जिदबाट श्री हनुमान जन्मोत्सवको शान्तिपूर्ण शोभायात्रा माथि भएको ढुंगामुढा सहितको आक्रमण प्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ। घटनाका कारण स्थानीय भक्तजनहरू घाइते हुनुका साथै धार्मिक उत्सवको पवित्रता तथा समुदायको समरसतामाथि गरिएको यो आक्रमण अक्षम्य अपराध हो।" उल्लेख छ।

"नेपालको कानुनले प्रत्येक नागरिकलाई आफ्नो धार्मिक आस्था अनुसार धार्मिक अभ्यास गर्ने स्वतन्त्रता प्रदान गरेको छ, विज्ञप्तिमा भनिएको छ-बहुसंख्यक हिन्दू समुदायले कानुनतः आफ्ना पर्व त्यौहार मनाईरहँदा समेत बारम्बार यस प्रकारको आक्रमण संविधानको मर्म र धार्मिक मूल्यको उल्लङ्घन हो।"

घटनामा संलग्न अपराधीमाथि तुरुन्त र कठोर कारवाही गर्न आग्रह गर्दै हिन्दू समाजको संयमतालाई कमजोरी ठानि अपराधीलाई उन्मुक्ति दिलाउने प्रयास गरियो भने परिस्थितिले गम्भीर रुप लिने ज्ञापनपत्र मार्फत चेतावनी समेत दिइएको छ।

सोही ज्ञापनमा घाइते व्यक्तिहरूको उचित स्वास्थ्य उपचारको व्यवस्था तथा क्षतिपूर्ति प्रदान गर्न सरकारसँग जोडदार माग पनि गरिएको छ। साथै शान्ति-सुरक्षा र परस्पर आदरको मूल्यलाई अगाडि बढाउन सम्बन्धित सम्पूर्ण निकायलाई गम्भीर भई आवश्यक कदम चाल्न अपिल गरिएको छ।

# ‘विद्यालय शिक्षा विधेयकका शिक्षक माग सम्बोधन हुनेगरी ल्याइने’

काठमाडौँ, ३ वैशाख (रासस) ।
‘विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक’ यथाशीघ्र जारी गर्नुपर्ने माग राख्दै १३ दिनदेखि मुलुकका विभिन्न स्थनका शिक्षकहरूले काठमाडौँमा प्रदर्शन गरिरहेका छन् ।

नेपाल शिक्षक महासङ्घको नेतृत्वमा शिक्षकहरूले गत चैत २० गतेदेखि बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म माइतीघरबाट नयाँ बानेश्वरसम्म प्रदर्शन गरिरहेका छन् ।

यसैबीच, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विधेयकलाई यथाशीघ्र ल्याउन छलफलसहित आवश्यक तयारी भइरहेको समितिकी सदस्य दीपा शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार विधेयकमा शिक्षकका मागलाई सम्बोधन हुनेगरी सहमतिको विषयलाई छिटो टुङ्ग्याउन उपसमिति गठन भएर काम भइरहेको छ ।

“शिक्षकका मागलाई सम्बोधन हुनेगरी उपसमितिले काम गरिरहेको छ”, शर्माले भन्नुभयो, “संसद्को आगामी अधिवेशनमा विधेयकलाई पेस गर्ने तयारी समितिले गरिरहेको छ ।” उहाँका अनुसार समितिका सदस्य छविलाल विश्वकर्माको संयोजकत्वमा गठित उपसमितिले शिक्षकसँग यसअघि गरिएका सम्झौताअनुसार विधेयकको मस्यौदालाई अन्तिम रूप दिने काम गरिरहेको छ ।

विधेयकले शिक्षकको दरबन्दी स्थानीय तहलाई हस्तान्तरणको प्रस्ताव गरेको छ । तर शिक्षकहरूले भने शिक्षक छनोट सङ्घीय सरकार मातहत रहेको शिक्षक सेवा आयोगले गर्ने भएकेले शिक्षक नियुक्ति पनि सङ्घीय सरकारले नै गर्नुपर्ने माग राखेर प्रदर्शन गरिरहेका छन् ।

यस्तै विधेयकमा शिक्षकको सरुवा एक स्थानीय तहबाट अर्को स्थानीय तहले गर्ने उल्लेख गरिएकामा शिक्षकले शिक्षकलाई सङ्घअन्तर्गत राख्नुपर्ने बताउँदै आएका छन् । विधेयकमा विद्यालयको स्थापना र सञ्चालनको अनुमति राष्ट्रिय मापदण्डको आधारमा स्थानीय तहबाट हुने, विद्यालयमा आधारभूत र माध्यमिक तह रहने, राष्ट्रिय पाठ्यक्रम प्रारूपका आधारमा पठनपाठन र परीक्षा सञ्चालन गर्नेलगायत व्यवस्था गरिएको छ ।

यस्तै, नियुक्ति, सरुवा र अवकाशका विषय स्थानीय तहले हेर्ने, शिक्षक तथा कर्मचारीले कार्यरत रहँदा र अवकाशपछि पाउने सुविधा सुनिश्चित गर्ने, हाल कार्यरत राहत शिक्षक अनुदान कोटा, विशेष शिक्षक अनुदान कोटा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा दरबन्दीमा परिणत हुने, विद्यालय तथा शिक्षकको अभिलेख राष्ट्रिय किताबखानामा रहने व्यवस्था गरिएको छ ।

विधेयकमा विद्यालयका माध्यामिक र आधारभूत तहका साधारण तथा विषयगततर्फका शिक्षकलाई प्रथम, द्धितिय र तृतीय श्रेणीमा विभाजन गरिने तथा यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका तह र श्रेणीका शिक्षक यसै ऐन बमोजिम समान तह र श्रेणी कायम हुने व्यवस्था गरिएको छ ।

यस्तै शिक्षकले राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिन राजनीतिक गतिविधिमा भाग लिन, राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत वा चन्दा माग्न वा कुनै प्रकारको राजनीतिक क्रियाकलाप संलग्न नहुने व्यवस्था विधेयकमा गरिएको छ । साथै सार्वजनिक विद्यालयका शिक्षकका लागि विद्यालय शिक्षक सेवाको गठन गरिने उल्लेख छ ।

समितिका सदस्य महिन्द्र राय यादवले शिक्षकसँग विगतमा गरिएका सम्झौताअनुसार उपसमितिले विधेयकको काम गरिरहेको बताउनुभयो । “शिक्षकको माग करिबकरिब सम्बोधन हुनेगरी हामीले विधेयक बनाइरहेका छौँ”, उहाँले भन्नुभयो, “उपसमितिले बनाएको विधेयकलाई समितिमा छलफल गरी पास गरेर संसद्मा पेस गर्न तयार गर्दछौँ ।”

समिति सदस्य यादवले शिक्षकलाई सङ्घअन्तर्गत राख्ने विषयमा भने केही समस्या रहेको बताउनुभयो । “संविधानले नै आधारभूत र माध्यामिक शिक्षालाई स्थानीय तहको अधिकारमा राखेको छ”, उहाँले भन्नुभयो, “तर शिक्षकको माग आधारभूत र माध्यामिक तहको शिक्षालाई सङ्घअन्तर्गत राख्नुपर्ने माग छ । त्यो माग तत्काल पूरा गर्न सक्ने सम्भव छैन । त्यसका लागि संविधान नै संशोधन गर्नुपर्दछ ।”

नेपालको संविधान २०७२ को अनुसूचि ८ मा स्थानीय तहको अधिकार अन्तर्गत आधारभूत र माध्यामिक तहको शिक्षालाई राखिएको छ । मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले हाल विद्यार्थी भर्नाको समय, एसइईको उत्तरपुस्तिका परीक्षणर कक्षा १२ को राष्ट्रिय परीषाको समय भइरहेकाले प्रदर्शनका कार्यक्रम स्थगन गरी कार्यथलोमा फर्कन सम्पूर्ण शिक्षकलाई आग्रह गरेको हो ।

सङ्घीय संसद्मा विचाराधीन विद्यालय शिक्षा विधेयक यथाशीघ्र पारित गर्ने प्रयोजनका लागि सरकारले संसद्को अधिवेशन यही वैशाख १२ गते आह्वान गरिसकेको छ ।

# रुघाखोकी निको हुनै लामो समय

चितवन, ३ वैशाख (रासस) ।
यतिबेला रुघाखोकी लागेका बिरामीको सङ्ख्या बढ्दै गएको छ । त्यसो त अन्य समयमा रुघाखोकी लागेमा दुई चार दिनमा निको हुने गरेकामा यो वर्ष भने दुई हप्ताभन्दा बढी समय लाग्ने गरेको हो ।

भरतपुर अस्पतालका मेडिकल विभाग प्रमुख फिजिसियन डा प्रकाश खतिवडा हरेक तीन वर्षमा एन्फुञ्जाले आफ्नो रूप परिवर्तन गर्ने र बलियो भएर आउने बताउनुहुन्छ । हरेक तीन तीन वर्षमा यस्तै हुने गरेको भन्दै उहाँले अहिले निको हुन दुई हप्ताभन्दा बढी समय लाग्ने गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “रुघाखोकीसँगै घ्यारघ्यार भए निको हुन अरू बढी समय लाग्छ ।” खोकी, स्वास्वा हुनेजस्ता समस्या लिएर बिरामी आउने गरेको भन्दै उहाँले अझै एक महिना यस्तो समस्या रहने बताउनुभयो । दुई महिनायता यो समस्या बढी मात्रामा देखिएको हो । सरकारी अस्पताल, मेडिकल कलेजहरू र निजी अस्पताल एवं क्लिनिकमा समेत समेत यस्ता बिरामीको चाप रहेको डा खतिवडा बताउनुहुन्छ । उहाँले मास्कको प्रयोग गर्न, भीडभाडमा नजान सुझाव दिनुभयो ।

चितवन मेडिकल कलेज शिक्षण अस्पतालका वरिष्ठ श्वासप्रश्वास तथा छाती रोग विशेषज्ञ प्रा डा शीतल अधिकारी स्वासप्रश्वासका बिरामीमा अहिले बढी समस्या देखिएको बताउनुहुन्छ । रुघाखोकीसँगै अहिले देखिएको प्रदूषणले तत्कालीन रूपमा खोकी र श्वास फेर्ने समस्याबाहेक दीर्घकालीन रूपमा फोक्सोमा खत बस्ने र रोग प्रतिरोधी क्षमता कमजोर बनाउने जोखिम रहेको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, “कोभिडले फोक्सोमा असर गरेका बिरामीलाई प्रदूषण र रुघाखोकीले सामान्य अवस्थाभन्दा बढी जोखिममा पारेको छ ।” नियमित औषधि सेवन गर्नेहरूलाई समेत यस्तै अवस्था रहिरहे औषधिको मात्रा थप्नुपर्ने अवस्था आउने उहाँले बताउनुभयो ।

विशेषगरी बालबालिका, वृद्ध, मुटु र मिर्गौलाका रोगीहरूलाई जोगाउनुपर्नेमा उहाँको जोड छ । हाल अस्पतालमा आउने बिरामीमध्ये धेरैलाई खोकी लाग्ने, श्वास फेर्न गाह्रो हुने र कतिपयको खकारमा कालो र फोहर मिसिएकोजस्तो देखिने गरेको छ । रुघाखोकीसँगै देखिएको श्वासप्रश्वासको समस्या निको हुन समय लागेको उहाँ बताउनुहुन्छ ।

पुष्पाञ्जली अस्पतालका फिजिसियन डा भोजराज अधिकारी आफूले मधुमेह, थाइराइड, उच्च रक्तचापका बिरामी धेरै हेर्ने गरेकोमा अहिले रुघाखोकी र श्वासप्रश्वासका बिरामीहरू धेरै आउने गरेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “दैनिक कम्तीमा १० जना श्वासनली बज्यो, छाती घ्यारघ्यार भयो, रुघा निको भएन भनेर आउनुहुन्छ ।” कतिपय भर्खरै निको भएको तर पुनः समस्या आयो भन्दै अस्पताल आउने गरेको उहाँले जानकारी दिनुभयो ।

यस्तो समस्या निको हुन धेरैलाई दुई हप्ता लागेको उहाँले बताउनुभयो । पहिले रुघाखोकी दुई तीन दिनमा निको हुने गरेको थियो । यसको कारण बदलिएको कोभिड पनि हुनसक्नेतर्फ उहाँले सङ्केत गर्नुभयो । इन्फुन्जा नेपालमा रहेको भन्दै उहाँले भन्नुभयो, “रोग के कारणले लागेको हो भन्ने हामीकहाँ अध्ययन भएको छैन ।”

वायु प्रदूषण अर्को कारण हुनसक्ने डा अधिकारीको भनाइ छ । अहिलेको समयमा विवाह, व्रतबन्ध, भोजभतेरजस्ता मानिसको भीड हुने कार्यक्रम धेरै भएकाले पनि यो फैलिएको डा अधिकारी बताउनुहुन्छ । यससँगै राजनीतिक समर्थन र विरोधका कार्यक्रममार्फत पनि सङ्क्रमण फैलिएको उहाँले बताउनुभयो । उहाँले कोभिडको समयमा अपनाईएका स्वास्थ्य सुरक्षाका विधिहरू अपनाउन सुझाव दिनुभयो ।

# बालबालिकाको क्षेत्रमा लगानी वृद्धि गर्न आग्रह

काठमाडौँ, ३ वैशाख (रासस) ।
बालबालिका क्षेत्रका विज्ञ तथा अधिकारकर्मीले बाल संवेदनशीलताको विचार गरी बालबालिका क्षेत्रलाई राज्यको प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन । राष्ट्रिय बाल अधिकार परिषद्ले यहाँ बुधबार आयोजित ‘बालबालिकाका लागि लगानी तथा बजेट वृद्धि’ विषयक संवाद कार्यक्रममा विज्ञहरूले बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि सरकारका तीनवटै तहबाट बालबालिकामा हुनुपर्ने लगानीको प्रक्षेपण गर्नुपर्ने माग गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौडचाल अधिकारीले विगतको तुलनामा पछिल्लो समयमा बालबालिकाको क्षेत्रमा सुधार हुँदै गएको तथ्य प्रस्तुत गर्नुभयो । यद्यपि बालबालिकाका क्षेत्रमा राज्य, सरकार, समाज र परिवारले अझै धेरै कार्य गर्नुपर्ने उहाँको भनाइ छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव तथा बाल संरक्षण तथा विकास शाखाका प्रमुख दीपक ढकालले बालबालिकाका क्षेत्रमा हुने लगानीको लेखाजोखा गर्नका लागि बालबालिका उत्तरदायी बजेट सङ्केत प्रणाली लागू गर्नेबारे मन्त्रालयले तयारी गरिरहेको जानकारी गराउनुभयो । बालबालिकाको क्षेत्रमा क्षेत्रगत लगानी वृद्धि गर्ने, बालबालिकामैत्री पूर्वाधार विकास गर्ने र बालमैत्री शासन प्रणाली अवलम्बन गर्ने कार्यमा मन्त्रालयले सक्रियताका साथ काम गरिरहेको उहाँको भनाइ छ ।

सरकारी निकायलगायत बालबालिकाका क्षेत्रमा लगानी गर्ने विकास साझेदार एवं राष्ट्रिय/अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको लगानीमा क्षेत्रगत एकद्वार प्रणालीको अवलम्बन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अधियानका महासचिव तिलोतमा पौडेलले आगामी आर्थिक वर्ष २०८२/८३ मा बालबालिकाका क्षेत्रमा सरकारले बजेट बढाउनुपर्नेमा ध्यानाकर्षण गराउनुभयो ।

एकीकृत हातेमालो समाज नेपालका अध्यक्ष डिल्लीराम गिरीले भन्नुभयो, “बालबालिकासँग सम्बन्धित मन्त्रीले बालबालिकाका निम्ति छुटचाइएको बजेट कटौती गरेर आफ्नो निर्वाचन क्षेत्रमा लानुभएको छ, मेरो आग्रह छ,

***बाँकी अन्तिम पृष्ठमा***

## विश्व समाचार

### अमेरिका-युक्रेन खनिज सम्झौता वार्ता ‘धेरै छिटो’ अगाडि बढ्दै : वरिष्ठ अधिकारी

किएभ, ३ वैशाख (रासस/एएफपी) ।
युक्रेनी प्राकृतिक स्रोतहरूमा अमेरिकालाई प्राथमिक पहुँच दिने सम्झौतामा किएभ र वासिङ्टनबीच लामो समयदेखि चलिरहेको र जटिल वार्ता द्रुत गतिमा अघि बढिरहेको एक वरिष्ठ अधिकारीले बुधबार बताएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्की बीचको टेलिभिजन झडपले सम्झौतालाई अन्योलमा नपारेसम्म युक्रेन र संयुक्त राज्य अमेरिकाले युक्रेनको रणनीतिक रूपमा महत्त्वपूर्ण खनिजहरू निकाल्ने सम्झौतामा हस्ताक्षर गर्ने योजना बनाएका थिए ।

“वार्ताहरू धेरै छिटो अगाडि बढिरहेका छन्”, वार्तासँग नजिक रहेका अधिकारीले किएभमा एएफपीलाई बताए । ट्रम्पले उहाँका पूर्ववर्ती जो बाइडेनले युक्रेनलाई दिएको सहयोगको क्षतिपूर्तिका रूपमा यो सम्झौता चाहनुभएको छ । सम्झौताले संयुक्त राज्य अमेरिकालाई युक्रेनी खनिज स्रोत र दुर्लभ खनिजहरूको नाफामा रोयल्टी भुक्तानी दिनेछ । सम्झौताको नयाँ मस्यौदाले अमेरिकी सहयोगलाई युक्रेनको ऋणका रूपमा मान्यता नदिएको देखिएको स्रोतले एएफपीलाई बतायो ।

त्यो मूल्याङ्कनले ब्लुमबर्ग न्यूजको अघिल्लो रिपोर्टको प्रतिध्वनि गरेको थियो । ब्लुमबर्गले वासिङ्टनले सन् २०२२ को सुरुमा रुसले युक्रेनमा आक्रमण गरेदेखि किएभले सहयोग फिर्ता गर्नुपर्ने मागलाई सहज बनाएको रिपोर्ट गरेको थियो । अर्जेन्टिनामा रहेका अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले सोमबार ‘यस हप्ता’ चाँडै सम्झौतामा हस्ताक्षर हुनसक्ने बताउनुभएको थियो ।

### गाजामा कुनै मानवीय सहायता प्रवेश गर्नेछैन : इजरायली रक्षामन्त्री

जेरुसेलम, ३ वैशाख (रासस/एएफपी) ।
इजरायलका रक्षामन्त्री इजरायल काट्जले देशले युद्धग्रस्त गाजा पट्टीमा प्रवेश गर्नबाट मानवीय सहायता रोक्ने बताउनुभएको छ । गाजा पट्टीमा तीव्र हवाई र भूमि आक्रमणहरू पुनः सुरु भएका छन् ।

“इजरायलको नीति स्पष्ट छ : कुनै पनि मानवीय सहायता गाजामा प्रवेश गर्दैन र यो सहायता रोक्नु हमासलाई जनताको माध्यमका रूपमा प्रयोग गर्नबाट रोक्ने मुख्य दबाब तत्वहरू मध्ये एक हो”, मार्च २ देखि सहायताको प्रवेश रोक्ने इजरायलको निर्णयपछि ठूलो मानवीय सङ्कटका बीच काट्जले एक विज्ञप्तिमा भन्नुभयो, “हाल गाजामा कुनै पनि मानवीय सहायतालाई अनुमति दिने कसैको योजना छैन र त्यस्तो सहायता सक्षम पार्ने कुनै तयारी छैन ।”

संयुक्त राष्ट्रसङ्घले सोमबार गाजाले सन् २०२३ अक्टोबरमा युद्ध सुरु भएपछिको सबैभन्दा गम्भीर मानवीय सङ्कटको सामना गरिरहेको चेतावनी दिएको छ ।क्ष्रस “मानवीय स्थिति अहिले सम्भवतः शत्रुता सुरु भएको १८ महिनामा सबैभन्दा खराब छ”, संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले भनेको छ । एक विज्ञप्तिमा ओसिएचएले डेढ महिनादेखि गाजामा कुनै आपूर्ति नपुगेको र चिकित्सा आपूर्ति, इन्धन, पानी र अन्य आवश्यक वस्तुहरूको अभाव रहेको बताएको छ । “गाजाभित्र प्रतिबन्धहरूका साथसाथै क्रसिङहरूको बन्दका कारण घट्दो आपूर्तिले उनीहरूलाई (सहायता कार्यकर्ताहरू) बाँकी भण्डारको सबैभन्दा बढी उपयोग गर्न रासन र वितरण घटाउन बाध्य गरेको छ”, ओसिएचएले भन्यो ।

इजरायलले जनवरी १९ मा लागू भएको युद्धविराम सम्झौता दुई महिनापछि यसको अर्को चरणका बारेमा मतभेदका कारण टुट्न पुगेपछि प्यालेस्टिनी क्षेत्रमा आफ्नो तीव्र सैन्य आक्रमण पुनः सुरु गरेको छ । त्यसयता हजारौँ मानिस विस्थापित भएका छन् । इजरायलले गाजा पट्टीमा २४ लाख प्यालेस्टिनीका लागि महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सहायताको प्रवेशलाई कडाइका साथ नियन्त्रण गरेको छ ।

### डब्ल्यूएचओका सदस्य राष्ट्रहरू भविष्यका महामारीको संुयक्त सामना गर्ने सम्झौतामा

जिनेभा, ३ बैशाख (रासस/एएफपी) ।
कोभिड-१९ सङ्कटको समयमा गरिएका गल्तीहरू नदोहोर्‍याई भविष्यका महामारीहरूलाई सम्बोधन गर्ने उद्देश्यले एतिहासिक सम्झौतामा विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) सदस्य मुलुकहरू सहमत भएका छन् । सङ्गठनको मुख्यालयमा तीन वर्षदेखि चलिरहेको वार्ता प्रतिनिधिहरूले बुधवार सम्झौता प्रमाणित गरेसँगै समाप्त भएको छ ।

“यो ‘सुरक्षित संसारतर्फको साझा यात्रा’को महत्वपूर्ण कोसेढुङ्गा हो, डब्लुएचओका प्रमुख टेड्रोस एड्हानोम गेब्रेयससले बताउनुभयो । कोभिड-१९ ले लाखौँ मानिसहरूको ज्यान लिनुका साथै अर्थतन्त्रलाई ध्वस्त पारेको पाँच वर्षपछि, एच-५एन-१, बर्ड फ्लूदेखि एमपोक्स र इबोलासम्मका नयाँ स्वास्थ्य खतरा  लगाएतका विषयहरू वार्तामा समावेश थिए ।

सम्झौताको मूल उद्देश्य औषधि कम्पनीहरूसँग रोगको द्रुत साझेदारीलाई अनुमति दिने महामारीसँग लड्न सक्षम पार्नु हो । सम्झौताको मस्यौदामा विश्वका देशहरूले भविष्यको महामारीको खतरा  रोक्न र सुरक्षा गर्न आफ्नो साझा प्रतिबद्धता गरेका छन् ।

